# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५२ | आश्विन २०६५ | वर्ष २५ अङ्क ६


## धम्मवाणी

**एते पराभवे लोके, पण्डितो समवेक्खिय ।**
**अरियो दस्सनसम्पन्नो, स लोकं भजते सिवन्ति ॥**
**-पराभव सुत्त**

**बुद्धिमान व्यक्ति संसारमा अवनतिका यी कारणहरूलाई राम्ररी थाहापाएर आर्य दर्शन गर्दछ र उसले यसै लोकमा निर्वाण लाभ गर्दछ ।**

## यिनीहरूका उपकार बिर्सन सक्दिन

जीवनको संध्याकालमा ८५ वर्षको पाको उमेर पुगिसकेपछि आफूलाई उपकार गर्ने व्यक्तिहरूको नाम सम्झिंदा धेरै लामो नामावली तयार भइसकेछ । ती सबैको नाम यो सानो लेखमा समेट्नु प्राय असंभव नै भयो । यदि समय पाएमा आफ्नो यस अध्यात्मको यात्राको बारेमा कुनै पुस्तक लेख्न सकें भने सायद ती सबैलाई न्याय गर्न पाउँथे होला । यस नामावलीमा जस्को नाम आएन उनीहरूले अन्यथा नसोच्नु होला । समय र स्थानको सीमालाई बुझेर मनमा मैत्री जगाउनु होला ।

सबै भन्दा ठूलो उपकार त मेरो धर्मप्रेमी आमा बुबा र धर्मप्रेमी परिवारको हो, जहाँ म जन्मिएँ, हुर्किएँ । म मेरो प्रारम्भिक पाठशालाका गुरु पं. कल्याण दत्त दूबे र मास्टरजी मदनमोहन शर्माको प्रति आभार मान्छु । मलाई अध्यात्मको क्षेत्रमा नयाँ जन्म दिने गुरुदेव सयाजी ऊ बा खिन र धर्म माता डो म्या त्वीं तथा धर्मक्षेत्रको साथी सहायक बन्धु प्रो. ऊ को ले, ऊ बा फो, ऊ टिं यिन र साहित्यका सहयोगी ऊ पारगू प्रति आभार मान्छु ।

मेरो परिवारका सदस्यहरू मध्ये सबैभन्दा पहिला मेरो आफ्नै दाजु बालकृष्णको नाम आउँछ । उहाँबाट विपश्यना सिकाउने प्रारम्भिक समयदेखि नै सहायता पाईरहें । भारतमा सद्धर्मको प्रसार गर्दा मैले देखेको छु, नोकरी-पेशा तथा व्यापार धंधा छोडेर भारत आएका बर्माका अनेक विस्थापित शरणार्थिहरूलाई भारतवासी दाजु-भाइहरूले र एउटा प्रसंगमा आफ्नो छोराले पनि धोखा दिएको पाइन्छ । अर्को तर्फ जबदेखि म भारतमा आएँ हाम्रो संयुक्त पारिवारिक उद्योग-व्यवसायमा मैले एक दिन पनि काम गरेको छैन तै पनि जब आठ वर्षपछि अंशबन्दा भयो तब मेरा अग्रजहरूले मलाई पनि बराबरको भागबन्दा दिए । त्यतिका दिनसम्म मेरो आवश्यकता पूरा गर्दै रहे । जुन दिनदेखि विपश्यनाको शिविर संचालन भयो र नियमित यात्राको साथमा म व्यस्त रहें तबदेखि मेरो यात्राको खर्च, भोजन-खर्च र दान दिनको लागि आवश्यक पैसा दिइरहे । म यहाँ आएदेखि आफ्नो अफिसको नवनियुक्त हिन्दी टाइपिस्ट रामप्रताप यादवलाई दिन-रात मेरो सेवामा राखिदिए । उनी आजसम्म पनि एकजना श्रद्धालु सहायकको रूपमा मलाई सहयोग गर्दैछ ।

शुरुमा बालकृष्ण अध्यात्मको अर्को मार्गमा लागेका थिए; तै पनि विपश्यनाको प्रसारमा मलाई आवश्यक सहयोग प्रदान गर्दैरहे । अब त पूर्ण आचार्यको रूपमा सम्पूर्ण दक्षिण भारतको विपश्यना केन्द्रको सञ्चालनको जिम्मेवारी बहन गर्दैछ । उनको सहयोगी एल.शिवप्पा तथा अन्य छन् । मेरो अर्को दाजु बाबुलालले पनि मलाई धेरै सहयोग गरे, पछि उहाँ पनि विपश्यनाको आचार्य बने ।

धर्मसेवाको काममा मेरो छोराहरूको सहयोग पनि त्यत्तिकै रहिरह्यो । संयुक्त परिवारको व्यापारमा मेरो भागमा आएका सारा व्यापार-उद्योग र सम्पत्ति सबै उनीहरूको जिम्मा लगाईदिएको थिएँ । प्राप्त व्यापार-धन्धामा मैले एकदिन पनि उनीहरूलाई साथ दिएन । मेरो यात्राको खर्च र शिविरमा लाग्ने अन्य खर्च उनीहरूले दिइरहे । मेरो स्वास्थ्य र अन्य सबै आवश्यकताहरूको पूर्ति उनीहरूले गर्दै रहे । मलाई त्यही अनासक्त भावले धर्मसेवा गर्दै रहने सुविधा प्राप्त भइरह्यो ।

मेरा दाजुहरूले यदि पारिवारिक काम धन्धामा हिस्सेदार हुनुको कारणले काममा पनि साथ दिनु पर्छ भनेको भए तब भारतमा विपश्यनाको पूनर्जागरण र प्रसारणको पुनीत कार्य कसरी सफल हुन पाउँथ्यो ? पारिवारिक अंशवन्दा हुँदा मेरा कुनै पनि छोरा व्यापार र उद्योगमा अनुभवी थिएनन् । यदि उनीहरूले साथमा काम गरेर काम सिकाउन र आफ्नो अनुभव बाँढ्न आग्रह गरेको भए र म उनीहरूलाई काम धन्धा सिकाउँदै काममा फसेको भए विश्वमा विपश्यना फैलाउने काम कसरी गर्न सक्थ्यो ? लाखौं मानिसहरूलाई यो दुःख विमोचन गर्ने विद्या कसरी दिन सक्थें ? अनुभव विहीन भएको कारणले शुरुका व्यापारमा केही घाटा सहनु पर्‍यो । तै पनि मलाई उनीहरूले आफ्नो धन्धाबाट अलग नै राखे । म नितान्त अनाशक्त भावले लोकसेवाको आफ्नो काममा निरन्तर लागिरहें । अब उनीहरू प्रौढ भइसके । उनीहरूको छोराहरू अर्थात् मेरा नातीहरू काममा

Downloaded from http://www.dhamma.digital

लागेका छन् । उनीहरूको पनि व्यापारिक जिम्मेदारीबाट अलग रहने समय आईसक्यो । प्रकाशन, सीडी, डीवीडी आदिको काम भाई राधेश्याम गर्दथ्यो अब त्यो काम श्रीप्रकाशले सम्हालेको छ । यस्तै प्रकारले यदि मेरा परिवारका कोही धर्म प्रसारणको कुनै क्षेत्रमा नि:स्वार्थ भावले सेवा दिएर पुण्य आर्जन गर्न चाहन्छ भने म अत्यन्त खुसी हुन्थे ।

परिवारको कुरा गर्दा मेरो जीवनसंगिनीलाई कसरी बिर्सू ? उनको बिना यो लामो धर्मयात्रा कसरी पूरा हुन पाउँथ्यो ? कसरी सफल हुन पाउँथ्यो ?

भिक्षुहरू मध्ये भदन्त रेवत धम्मजी, रतनपालजीको ज्यादै उपकारी मान्छु । म अनागारिक मुनिन्द्रजी प्रति पनि आभारी छु ।

**अन्य सबै सहयोगीहरू प्रति असीम मंगल मैत्री ।**

शिविरको कुरा सम्झें भने पहिलो शिविर मुम्बईका दयानन्द अडुकिया र उनका छोरा विजय अडुकियाले लगाएका थिए । मुम्बई शिविर पछि चेन्नईमा पहिलो शिविर मेरो अग्रजले र उत्तर भारतमा पहिलो शिविर मेरो साहित्यकार मित्र यशपाल जैनले लगाएको थियो । त्यसपछि त विभिन्न ठाउँमा शिविर लाग्न थाल्यो । बोधगयामा श्री द्वारको सुंदरानीले शिविर शुरु गरे, यहाँका एउटा दुईवटा शिविरमा श्री जय प्रकाश नारायणजी साझँको धर्मप्रवचन सुन्न आएका थिए र ज्यादै प्रभावित भए । तर उहाँको श्रीमती प्रभावतीजी को अस्वस्थताको कारण शिविरमा बस्न पाएका थिएनन् । तर नाशिकमा भएको सर्वसेवा संघको वार्षिक सम्मेलनमा सम्मिलित गरेर मलाई त्यहाँ एउटा प्रवचन दिन लगाए । यसैकारण संघका अध्यक्ष श्री सिद्धराज ढड्डा सहित अनेक मुख्य अधिकारीहरू शिविरमा भाग लिन आए । गान्धीजीको बुहारी श्रीमती निर्मला गान्धीले सेवाग्राम, वर्धामा शिविर राखे जुन शिविरमा गान्धीजीका कतिपय वयोवृद्ध साथीहरू सम्मिलित भए । शिविरार्थीहरू प्रसन्न भएर श्री विनोबाजीसंग उहाँको आश्रम पवनारमा लगेर मलाई भेट्न लगाए ।

उनको चुनौतीलाई स्वीकार गरेर विद्यार्थीहरूका लागि पहिलो शिविर बिहारको एउटा स्कूलमा लगाइयो । जेलमा रहेका कैदीहरूका लागि पहिलो शिविर जयपुरको केन्द्रीय जेलमा राखियो । त्यसपछि त सारा भारतमा शिविर लगाउने ताँतीको शुरुआत भयो ।

जयपुरको एउटा शिविरमा राजस्थान सरकारका गृहसचिव श्री रामसिंह र उनको श्रीमतीले लाभ प्राप्त गरेको कारण श्री सत्येंद्रनाथ टण्डनजी र श्री एस. अडवियप्पा जस्ता विभिन्न प्रदेशका प्रमुख राज्यधिकारीहरूले धर्मको लाभ उठाए र विपश्यना विद्या प्रसार गर्ने काममा महत्वपूर्व भूमिका निर्वाह गरे । विमलचन्द सुराना, शेर सिङ्ग, स्व. राम निवास शर्मा र स्व. पालिवलले राजस्थानमा धर्म फैलाउने काममा सहयोग गरे । किरण बेदीले तिहाड जेलमा शिविर लगाएर विश्वका अनेक देशका कैदीहरूलाई विपश्यनाबाट लाभ प्राप्त गर्ने बाटो खोलीदियो ।

इगतिपुरीको धम्मगिरी केन्द्रको स्थापना र सञ्चालनमा श्रीराम तापडियाको प्रमुख हात थियो । उनी संगै महेश्वरी समाजका श्री लक्ष्मीनारायण राठी र श्री रामसुख मंत्री तथा तोषणीवाल भाइहरू शिविरमा आए त्यस पछि माहेश्वरी समाजमा विपश्यनाले प्रवेश पायो ।

श्री शिवजी भाई, हरखचन्द गाला, दीपचन्द शाह, मुकुन्द बदानी, विमलचन्द सुराना, डा. भीमसी तथा पुष्पा सावला, प्रेमजी तथा मधु सावला, वीणा गान्धी, स्व. नटुभाई तथा कौशल्या पारेख, रतीलाल तथा चञ्चल सावला, महासुख तथा मंजु खन्धार, सुश्री शान्ति शाह, सुधीर तथा माधुरी शाह र परिवार, काश्यप र कमला धर्मदर्शी, जयेश सोनी, मनहर पटेल, राजुभाई मेहता, जयन्तीलाल ठक्कर, बचुभाई शाह, अनील धर्मदर्शी, इन्द्रधवन कोठाडिया, स्व. रतीलाल मेहता एवं परिवार तथा अन्य अनेक व्यक्तिहरूको सहयोगले जैन समाजमा विपश्यनाको खूब विकास भयो ।

तेरापंथका आचार्य तुलसीले आफ्ना लगभग सबै साधु-साध्विहरूलाई विपश्यनाको शिविरमा भाग लिन पठाए । त्यस्तै प्रमुख आचार्य डा. शिवमुनिजी राजवीर उपाध्याय अमरमुनिजी, मुनिश्री अमरेंद्र विजयजी, आचार्य मुनिश्री भुवनचन्द्रजी, महासती करुणावाई तथा अनेक प्रमुख जैन आचार्यहरूले विपश्यनाबाट लाभ प्राप्त गरे पछि अधिक संख्यामा जैन समाजका व्यक्तिहरू विपश्यना सिक्न आए ।

प्रकाश बोरसे, विश्वंभर दहाट आदिका कारण मराग क्षेत्रमा धर्म फैलियो र ऊषा मोडक, एन.ओ.पाटील, डा. धनन्जय चौहान, डा. हमीर र डा. निर्मला गानला, दिनेश मेश्राम, प्रकाश महाजन, विमला महाजन, महावीर पाटील, चम्पलाल खिन्भसरा, सुढाकर फुन्दे, डिगम्बर दादें, अरुण सूर्यवंशी, स्व. राजाराम वेरी आदिको सहयोगमा पूरा महाराष्ट्रमा धर्मको प्रसार भयो । गीता केडिया, सब्रिना कटकम, खड्डरीया, कुरुप, जया मोडी, पाई परिवार, राजेन्द्र सिंह, इलादेवी अग्रवाल, बलराम चड्डा, चिकनारायणयप्पा, डा. चोखानी, सुदा तथा मोहिनी दलाल, चोठमल गोयन्का, डा. सुब्रमान्यम, एल.एन तोडी, मोहनराज अड्ला, रबी रेड्डी, प्रबीन बल्ला, सज्जनदेवी ढरीवाल, रामेश्वर शर्मा, मदन मुठा, स्व. जे.के. तिव्रवाला र वसुदेव कमथले पनि भारतमा धर्म प्रसारण गर्ने काममा निक्कै सहयोग गरेका छन् ।

यस्तै काश्यप धर्मदर्शी, दिगम्बर धांडे, एन. वाई लोखंडे, महाराष्ट्र सरकारको विभिन्न उच्च पदमा नियुक्त श्री रत्नाकर गायकवाड, डि. आर परिहार, श्री प्रेमसिंह मीना, श्री एस. कृष्णा आदिको सहयोगमा बुद्धअनुयायीहरू सहित अधिकारी वर्गहरूलाई खूब धर्म प्राप्त भयो ।

प्रो. प्यारेलाल र शुसीला धर, अशोक तलवार, स्व. डा. विठ्ठलडासमोडी, स्व. डा. ओम प्रकाश, गुरुमुख सिद्धू, राजेश गुप्ता, मंजु वैश, अशोक र उमा कला, डा. नारायण र शारदा वाघवानी, गोपाल शरण र पुष्पा सिंह आदिको सहयोगबाट उत्तरी र मध्य भारतमा धर्मको प्रसारण द्रूत गतिमा भयो ।

Downloaded from http://www.dhamma.digital

शशिकान्त र डा. शारदा संघवी, देशवन्धु गुप्ता, सुभाषचन्द्र गोयल, नारायण शाह, वल्लभ वन्साली, राधेश्याम गोयन्का, दुर्गेश तथा धनेश शाह, डा. रोही शेट्टी आदिले विपश्यनाको 'विशोधन' र प्रसारण गर्ने पक्षमा महत्वपूर्ण भूमिका निर्वाह गरे ।

आधुनिक इलोक्ट्रिक मेल सुविधा, वेवसाइट बनाउने र इन्टर नेट सेवामा योगदान दिने थोमस क्रिसमैन, स्व. राधेश्याम गोयन्का, प्रीति डेढिया, धनेश शाह, क्रारेग मिलर, मि. जिनो, फान्क स्नो, रामनाथ शनोय, ब्रिहास सारथी र जयप्रकाश गोयन्काको योगदान पनि कम छैन । उनीहरूको अथक प्रयासको कारणले नै विपश्यनाको विपुल साहित्य, तिपिटकको पूरा सेट, पत्रिका तथा साधना सम्बन्धी विस्तृत जानकारी वेवसाइटमा उपलब्ध हुन सक्यो । एस.एन. टण्डन, डा. पोल फ्लैशमैन, डा. सावित्री व्यास, बिल तथा वर्जीनिया हैमिल्टन, राम आवाढ वर्मा आदिले साहित्यको क्षेत्रमा अघि बढेर निक्कै योगदान गरेका छन् ।

मेरो एकजना धर्मपुत्र बिल हार्ट, जस्को एउटा पुस्तकले सारा विश्वमा विपश्यनाको नगरा बजाईदियो । यस पुस्तकको अनुवाद अनेक भाषाबाट भएका छन् । यो पुस्तक लाखौंवटा बिक्रि भईसकेको छ । उसको पूण्य महान छ, जुन नापेर नाप्न सकिंदैन ।

नेपालका यदुकुमार सिद्धि, स्व. मणिहर्ष ज्योति, उत्तमरत्न धाख्वा, नानी मैंया मानन्धर, आनन्दराज शाक्य, डा. रुप ज्योति, बोधि बज्र बज्राचार्य, बेदनाथ आचार्य, मदन तुलाधर; थाईलैंडका निरिंद र सूत्थी छायोडम; श्रीलंकाका ब्रिण्डले (भिक्षु सिद्धार्थ) र दमयंती रतवत्ते; म्यन्माका डा. के वाइन, ऊ टिं औग, परसुराम गौतम तथा ईरानको नोजेहूर; मंगोलियाका डा. जे खातनबाटर, फिलीपाइन तथा वियतनामका क्लोज र नाडिया हेलविग; ताईवानका जार्ज सियाओ; जापानको आदसूसी; आष्ट्रेलियाका पेट्रिक गिवेन विल्सन र जिनी एम. विल्सन, स्व. ग्राहम ग्याम्बी, डोनमान, भोल्कर बोच्मान, डोस्सि हर मन, जोन बरचाल, स्टीव र क्रिस्टीन स्मिथ; मलेसिया, इन्डोनेसिया र सिंगापुरका लागि डोन र शैली माक्डोनाल्ड; न्यूजील्याण्डका रोस रेनाल्ड; यू.के का डा. गान्धी, जोन र जोआना लक्सफोई, डा. खिं मौं ये कर्क र रीनेट ब्राउन, स्टीव र आल्बीन स्मिथ; जर्मनीका फ्लो लेहमान; अमेरिकाका बैरी र केट ल्यापिङ्ग, हेरी र विवियन स्नाइडर, ब्रूस र मोरिन स्टुअर्ट; चीनका लागि फिलिप्स ली र यू येन, दक्षिण अमेरिकाका लागि डानियल मेयर र अर्थर निकल्स; क्यानाडाका जोर्ज र कैथी पोलैण्ड आदिले धर्म प्रसारण कार्यमा प्रमुख भूमिका निभाएका छन् ।

### *एउटा महत्वपूर्ण घटना*

विपश्यना प्रसारका समयमा एउटा महत्वपूर्ण घटना घट्यो । म शिविर सञ्चालन गर्न विश्व यात्रा तर्फ लागेको थिएँ । म जापान पुग्दा एकजना महत्वपूर्ण व्यक्तिले फोनद्वारा सबैलाई एउटा सूचना फैलाई दिए कि परम पूज्य गुरुदेव सयाजी ऊ बा खिनले मेरो सिर माथिको हात हटायो । अब उहाँ शिविरमा मलाई मैत्री पनि दिनुहुन्न । यस सूचनाले सबैको मनमा अन्यौल उत्पन्न गरायो । म पनि डराएँ । मैले सोचें यदि यो कुरा साँचो हो भने मैले शिविर सञ्चालन गर्नु हुँदैन । जापान र त्यहाँ भन्दा अगाडि हुने सबै शिविर रद्द गर्नु पर्‍यो । हामी दुबैजना सचिकोको घरमा बसेका थियौं । यो अप्रिय सूचना विश्वसनीय सूत्रबाट प्राप्त भएको थियो । अत: गुरुदेवको परम्परामा म आचार्य नै नरहेपछि उनले हामीलाई घरबाट निकाल्न सक्थिन । तर उसले यस्तो केही गरिन ।

जोन बेअरीले यस्तो विकट परिस्थितिमा भेला भएका पुराना साधकहरूका माझ शिविर क्यान्सिल गर्नु हुँदैन भन्ने प्रस्ताव राखे । उसले यस्तो आग्रह गरे कि "यदि शिविरमा मैत्री कम भएको महसूस भयो भने पछिका शिविर क्यान्सिल गर्ने तर अहिले नगर्ने, सायद यो सूचना दूर्भावना वश फैलाएको पनि हुनसक्छ, शिविर हुनुभन्दा अगाडि यस्तो निर्णय लिनु ठीक हुँदैन ।" शिविर सञ्चालन गरियो र राम्ररी समापन पनि भयो । सबैले पहिले भन्दा सबल मैत्री रहेको महसूस गरे । जोन बेअरीले आग्रह गरेर शिविर क्यान्सिल गर्न दिएन, अत: उनी प्रति आभारी मान्छु, यदि रोकेको भए शिविर राख्ने काम नै बन्द हुन्थ्यो । शिविर भयो र म सहित सबैलाई विश्वास भयो कि गुरुजीको मैत्रीपूर्ण हात मेरो सिरमा अझै पनि छ । पछिका शिविरहरू पनि निर्बिधन र सफलतापूर्वक भईरह्यो । यस घटनालाई जब जब सम्झन्छु तब-तब उनको प्रति असीम मंगल मैत्री भरेर आउँछ ।

### *एउटा अर्को घटना*

उत्तरी अमेरिकामा मेरो पहिलो शिविर थियो । शिविर समापन पछि मलाई थाहा भयो कि शिविर शुरु गर्नु अगाडि केही नयाँ साधकहरूसंग शिविरको लागि केही पैसा लिएको रहेछ । यस्तो जानकारीले म धेरै दु:खी भएँ । किनकि धर्म बाँट्ने शुद्ध परम्परा अनुसार यो अत्यन्तै विपरीत थियो । यसभन्दा अगाडि दस वर्षसम्म भारतमा अनेकौं शिविर लगाएँ तर यस्तो कहिल्यै भएन । शिविर व्यवस्थापकहरूले शिविर चलाउन पैसा नभएकोले यस्तो गर्नु परेको कुरा बताए । यो अत्यन्तै गलत भयो । यदि शिविर चलाउन शुरुमा नै पैसा नपुगेको भए शिविर नै नगर्नु पर्ने । मैले एउटा निर्णय गरें कि अब उपरान्त अमेरिकामा शिविर लगाउन म आउँदिन । यस्तो कुरा थाहा पाएर धर्मपुत्री केट प्राट (ल्यापिङ्ग) ले भविष्यमा शिविर चलाउनका लागि आवश्यक पैसा दान दिईन् त्यस पैसाबाट नियमित रुपमा शिविरहरू हुँदै गयो । यस घटनालाई सम्झिँदा केट प्राट प्रति मन मैत्रीले भरेर आउँछ ।

### *एउटा अर्को घटना*

इंगलैण्डमा शिविर भइरहेको थियो । भारतमा झैं पश्चिमी देशमा पनि एक शिविर पछि अर्को शिविरको मांग बढिरहेको थियो । म एक्लैले मात्र कहाँ कहाँ कतिवटा शिविर चलाउन सक्थें ? विपश्यनामा पाकेका अनेक शिष्य विपश्यना सिकाउन योग्य भईसकेका थिए । तर प्रत्येक साँझ प्रवचन दिनु भने उनीहरूलाई गाह्रो नै थियो । फ्राँसका जीन क्लाउड सी र अमेरिका शिकागोका डा. सुखदेव सोनीले एउटा प्रस्ताव ल्याए कि मेरो प्रवचनको विडियो रिकोर्ड बनाउने र सहायक

Downloaded from http://www.dhamma.digital

आचार्य नियुक्त गरेका व्यक्तिहरूलाई यो रिकर्ड दिने । ती दुइजनाले यो योजना सफल बनाउन आवश्यक व्यवस्था गरे । यसबाट सद्धर्म फैलने मार्ग खोल्यो । तर यो सिस्टम 'सिकाम' विडियोको थियो, जस्को प्रयोग अन्य देशहरूमा हुन सक्दैनथ्यो । तै पनि एउटा महत्वपूर्ण कार्यक्रमको आरम्भ त भयो । यी दुबैजनालाई सम्झिंदा मन गदगद भएर आउँछ ।

अमेरिकामा शिविर चलाउन जाँदा त्यहाँको एकजना पूरानो साधक थोमस क्रिसमैनले 'भी एच एस' सिस्टममा विडियो तयार गरिदिने वचन दिए, जुन सिस्टम विश्व भरि चल्दथ्यो । उसले यो काम गरेर देखाए र आज सयौं सहायक आचार्य तयार भयो । धर्मको गंगा संसारका अनेकौं देशमा प्रवाहमान हुनपुग्यो । धर्मपुत्र थोमसको पुण्यको कुनै नाप नै छैन ।

इलोना र एलाइतले डोकुमेन्ट्री फिल्म "Doing Time Doing Vipassana" बनाए, यस्ले धेरैवटा पुरस्कार पनि पाए र जेलका कैदीहरूका लागि विपश्यना प्रदान गर्न धेरै मद्दत पुऱ्यायो । पछि डोनफिल्डको सहयोगमा अन्य फिल्म पनि बनाइयो ।

सबै प्रकारका अडियो-बिडियो क्यासेट, सीडी र टिचिंग सेटको ट्रांस्कृप्ट आदि सम्भालेर राख्ने र त्यसको वितरण गर्ने काम रुथ र ल्यारीले राम्ररी निभाएका छन् । अब यसलाई अझ सुरक्षित राख्ने व्यवस्था पनि भएको छ ।

मेरो धर्मपुत्र डा. धनन्जय चौब्हान र डा. रोही शेट्टी आफ्ना परिवारको जिम्मेदारी बहन गर्दै आफ्नो आजीविका त्यागेर एक-दुइ दिनको लागि होइन अनेक वर्षौंदेखि मेरो र धर्मको सेवा गरिरहेछन् ।

सबै सहयोगीहरू र साधकहरूको पूण्यपारमिता पुष्ट होस् । सबैको मंगल होस् । सबैको कल्याण होस् । सबैको प्रति असीम मंगल मैत्री ।

(साभार: १. हिन्दी विपश्यना पत्रिका, बैशाख पूर्णिमा २००८,<br>२. विपश्यना न्यूजलेटर, जून २००८)

मंगल मित्र<br>स.ना.गो

---

## धर्म गाथा

### हिन्दी

*चल साधक चलते रहें, देश और परदेश ।*<br>
*धरम चारिका से कटें, सब के मन के क्लेश ॥*

*उठो ! जागो ! आलस तजो ! मंगल हुवा प्रभात ।*<br>
*मिटा अँधेरा पापका, बीती काली रात ॥*

*विमल धरम का ज्योतिधर, मंगल जगा प्रभात ।*<br>
*दुखहर, भयहर, तिमिरहर, अरुण तरुण नवजात ॥*

*एक बार फिर से खुले, जन हित अमृत द्वार ।*<br>
*हर्ष और उल्लास का, उमड़ा उदधि अपार ॥*

*पाप शाप संताप के, बुझ जाएँ अंगार ।*<br>
*जग मरुधर पर बह चली, पूण्य धर्म की धार ॥*

*धर्म पुन: जाग्रत हुआ, खुले मुक्ति के द्वार ।*<br>
*सुनो कानवालों सुनो, सत्य धर्म का सार ॥*

मंगल कामना सहित<br>**पारमिता ट्रेडिङ्ग कम्पनी लि.**<br>काठमाडौं, फोन ४२६४१४७<br>विक्रेता: शीशा र आल्मोनियम च्यानल

### हिन्दी

*बुद्ध रतन सीमारहित, धर्मरतन अनसीम ।*<br>
*संघरतन सीमारहित, प्राणी सभी ससीम ॥*

*तीन रत्न की शरण में, धरम शरण ही जान ।*<br>
*तीन रत्न की वन्दना, धरम वन्दना जान ॥*

*बुद्ध धरम का संघका, यह सच्चा सम्मान ।*<br>
*जीवन जीऊँ धरमका, पाऊँ पद निर्वाण ॥*

*तीन रत्नकी शरण में, आत्म-शरण पहचान ।*<br>
*आत्म शरण ही धर्म है, धर्म शरण सुख खान ॥*

*शरण सही है आत्म की, अन्य शरण ना कोय ।*<br>
*आत्म शरण सद्धर्म शरण, सत्य वचन सुख होय ॥*

*पूजन अर्चन, वंदना, तो ही सार्थक होय ।*<br>
*जीवन में जागे धरम, पाप विसर्जित होय ॥*

मंगल कामना सहित<br>**सीताराम गोकुल मिल्क लि.**<br>काठमाडौं, फोन ४३३०७८८<br>विक्रेता: दुग्ध तथा दुग्ध पदार्थ

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ २०६५ आश्विन
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email: nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३४ ८५०, ४४३४ ७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

Downloaded from http://www.dhamma.digital